# विहादी गाउँ कार्यपालिकाको मिति २०८२।०७।२६ गतेको निर्णय प्रमाणित

## मिति २०८२।०७।२६ गते को निर्णय

**निर्णय नं १ :** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशको मिति २०८२।०६।२८ मा प्रकाशित सूचना अनुसार नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनका लागि यस विहादी गाउँपालिकाबाट **स्थानीय कच्चा पदार्थ र सीपमा आधारित लघु उद्योग प्रवर्द्धन कार्यक्रम** शिर्षकमा अवधारणापत्र पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं २ :** नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनको लागि यस विहादी गाउँपालिकाको संचित कोषमा रहेको रकमबाट आगामी हिउँदे गाउँसभाबाट बजेट विनियोजन गरि गाउँपालिकाले व्यहोर्नुपर्ने आवश्यक बजेट सुनिश्चितताको प्रतिबद्धता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनको लागि देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन समिति गठन गरियो ।

| | | |
|---|---|---|
| श्री परविन गुरुङ | गाउँपालिका अध्यक्ष | संयोजक |
| श्री मिना शर्मा तिवारी | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| श्री गणेश प्रसाद पराजुली | वडाध्यक्ष | सदस्य |
| श्री गणेश शर्मा पौडेल | वडाध्यक्ष | सदस्य |
| श्री कमला कुमारी परियार | कार्यपालिका सदस्य | सदस्य |

**निर्णय नं. ४ :** विहादी गाउँपालिकामा नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन गर्न नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२ को दफा १७ (क) बमोजिम यस कार्यालयका रोजगार संयोजक श्री हिम लाल गिरीलाई सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** विहादी गाउँपालिका ६ नं वडा स्थित कालिगण्डकी लोकमार्ग देखि गोलाङघाट जाने बाटो निर्माण गर्नको लागि विहादी गाउँपालिकाको संचित कोषबाट आगामी गाउँसभामार्फत रु १० लाख विनियोजन गरि सडक स्तरोन्नती गर्ने निर्णय गरियो ।

थमन बहादुर रेग्मी
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति : २०८२।०८।०१